

Source: www.abc.net.au

# नेपाल सरकारको राष्ट्रिय बजेट र जलवायु परिवर्तन

### जानकारी पत्र

**पौष २०७१**

## पृष्ठभूमि

नेपालमा जलवायु परिवर्तनको उच्च जोखिममा रहेको मुलुक हो । यो समस्याको समाधान गर्न नेपाल सरकारले विभिन्न नीति तथा कार्यक्रमहरू तर्जुमा गरेको छ । तीमध्ये, राष्ट्रिय अनुकुलन कार्यक्रम, जलवायु परिवर्नन नीति र स्थानीय अनुकूलन कार्ययोजना पर्दछन् । यी नीति तथा कार्यक्रमको मातहातमा रहेर हाल नेपालमा उल्लेख्य संख्यामा जलवायु परिवर्तन सम्बन्धी परियोजनाहरू संचालनमा रहेका छन् र यी परियोजनाको कार्यन्वयन गर्न ठूलो राशीमा अर्न्तराष्ट्रिय सहायता प्राप्त भैरहेको छ । यस्तो सहायतालाई जलवायु वित्त भनिन्छ ।

स्वच्छ उर्जा नेपाल र अक्सफामले गरेको अध्ययन अनुसार सन् २००९ देखि २०१२ को अवधीमा दातृ निकायले नेपाललाई पाँच अर्ब भन्दा बढी जलवायु वित्त दिने प्रतिवद्धता गरेका थिए । अन्य अध्ययनहरूले पनि विभिन्न आंकडा प्रस्तुत गर्ने गरेका छन्  र हालका वर्षहरूमा जलवायु वित्तको प्रवाहमा वृद्धि भैरहेकोमा कुनै शंका छैन । तर नेपाल सरकासँग जलवायु वित्तको रूपमा आएको रकमको स्पष्ट तथ्यांक छैन । सँगै प्राप्त रकम जलवायु परिवर्तनको समस्या सम्बोधन गर्नका लागि हो या पहिलेदेखि नै चल्दै आएका आवधिक विकास कार्यक्रमका लागि हो भन्ने स्पष्टता पनि छैन । यस्तो रकम आधिकारिक विकास सहायता अर्न्तगतको हो या नयाँ र थप जलवायु वित्त हो, सो को जानकारी पनि नेपाल सरकारसँग छैन । नियमन संरचनाको अभावमा प्राप्त रकम कुनकुन क्षेत्रमा खर्च भैरहेको छ र यसले लक्षित वर्गलाई लाभान्वित गरिरहेका छ या छैन थाहा पाउन निकै कठिन छ ।

*नेपाल सरकारसँग जलवायु वित्तको रूपमा आएको रकमको स्पष्ट तथ्यांक छैन । सँगै प्राप्त रकम जलवायु परिवर्तनको समस्या सम्बोधन गर्नका लागि हो या पहिलेदेखि नै चल्दै आएका आवधिक विकास कार्यक्रमका लागि हो भन्ने स्पष्टता पनि छैन ।*

जलवायु परिवर्तन नीतिमा उल्लेख गरिएको जलवायु परिवर्तन कोष खडा गर्ने र सोही नीतिमा गरिएको जलवायु वित्तको ८० प्रतिशत स्थानीय तहमा खर्च गरिनु पर्ने प्रावधान कसरी लागु गर्ने भन्नेमा पनि नेपाल सरकार अन्योलमा रहेको छ ।

जलवायु परिवर्तन सम्बन्धी कृयाकलाप संयोजन गर्ने कार्य विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको भएता पनि यस मन्त्रालयले स्थानीय स्तरमा कार्यक्रमहरू लागु गर्दैन । जलवायु परिवर्तन बहुविधागत विषय भएकाले विभिन्न मन्त्रालय र ती अन्तर्गतका विभागहरू मार्फत यस सम्बन्धी कार्यक्रमहरू लागु गर्न हुने गरेका छन् । यस क्रममा जलवायु परिवर्तनका कार्यक्रम लागु गर्न स्पष्ट शासकीय संरचनाको अभावमा, जलवायु वित्तमा जोखिममा रहेका समुदायको पहूंच, खर्चको पारदर्शिता र जवाफदेहीता माथि प्रशस्त प्रश्न चिन्हहरू रहेका छन् ।


## जलवायु परिवर्तन बजेट कोड

माथि उल्लेखित समस्याहरूलाई सम्बोधन गर्ने प्रयास अनुरुप जलवायु परिवर्तन सम्बन्धी क्रियाकलापमा भैरहेको खर्च ट्रयाक गर्न नेपाल सरकारले वार्षिक बजेटमा जलवायु परिवर्तन कोडको व्यवस्था गरेको छ । यसले नेपाल सरकारले गर्ने विकास कार्यक्रममा जलवायु परिवर्तन सम्बन्धी खर्चको अनुपात थाहा हुने, क्षेत्रगत जलवायु क्रियाकलापहरू बीच संयोजन गर्न सहयोग पुग्ने र अन्तर्राष्ट्रिय सहायतालाई च्यानल गर्न सजिलो हुने विश्वास गरिएको छ ।

*जलवायु परिवर्तन सम्बन्धी क्रियाकलापमा भैरहेको खर्च ट्रयाक गर्न नेपाल सरकारले वार्षिक बजेटमा जलवायु परिवर्तन कोडको व्यवस्था गरेको छ । यसले नेपाल सरकारले गर्ने विकास कार्यक्रममा जलवायु परिवर्तन सम्बन्धी खर्चको अनुपात थाहा हुने, क्षेत्रगत जलवायु क्रियाकलापहरू बीच संयोजन गर्न सहयोग पुग्ने र अन्तर्राष्ट्रिय सहायतालाई च्यानल गर्न सजिलो हुने विश्वास गरिएको छ ।*

जलवायु परिवर्तन कोडले नेपाल सरकारका विकास र पूंजिगत खर्च जलवायु परिवर्तनसँग सम्बन्धित छन् या छैनन् भन्ने छुट्याउँदछ । यसका लागि ११ वटा मापदण्ड तोकिएको छ, जो निम्नानुसार रहेका छन् ।

१. प्राकृतिक स्रोतको दीगो व्यवस्थापन र हरियाली प्रवर्द्धन
२. भू-उपयोग योजना र जलवायु समानुकूल पूर्वाधार
३. जलवायु जन्यस्वास्थ्यप्रकोपको रोकथाम र नियन्त्रण
४. लोपोन्मुखप्रजाती र जैविक विविधतामा जलवायु प्रकोप रोकथाम र नियन्त्रण
५. हरितगृह ग्यास उत्सर्जन कटौतिका लागि ल्याण्डफिल साइट र ढल व्यवस्थापन
६. उर्जा, माछापालन, सिचाईं र सुरक्षित खाने पानीका लागी जलस्रोतको दीगो प्रयोग
७. खाद्य सुरक्षा प्रवर्द्धन गर्ने योजना तथा कार्यक्रमहरू
८. नविकरणीय र वैकल्पिक उर्जाको उत्पादन, उत्सर्जन न्यूनिकरण र न्यून कार्वन उर्जा प्रयोग गर्ने प्रविधि विकास
९. जलवायु जन्यविपद् जोखिम न्यूनिकरणको तयारी
१०. सूचना, संचार, शिक्षा, अनुसन्धान र अन्वेषण र डाटावेसको निर्माण
११. जलवायु परिवर्तन सम्बन्धी नीति, कानुन र कार्ययोजना तर्जुमा



Source: www.npc.gov.np

कुनै कार्यक्रम या परियोजना जलवायु परिवर्तनसँग सम्बन्धित छ या छैन छुट्याउन सम्बन्धित कार्यक्रम या परियोजना माथिका क्राइटेरिया अन्तर्गत भएको थाहा पाउन उक्त कार्यक्रम वा परियोजनाका लागि कसरी रकम विनियोजन गरिएको हेर्ने गरिन्छ । जस अन्तर्गत ६० प्रतिशतभन्दा धेरै रकम माथि उल्लेखित क्षेत्रमा विनियोजन भए त्यस्ता

कार्यक्रमलाई जलवायु परिवतर्नसँग **"उच्च सम्बन्धित"** भनिन्छ । त्यस्तै २० देखि ६० प्रतिशत रकम विनियोजन भएको भए **"सम्बन्धित"** र २० प्रतिशतभन्दा कम भए **"तटस्थ"** भनी क्रमशः १, २ र ३ कोड दिइन्छ ।

यस्तो कोडिङ्ग अनुसार गत तीन आर्थिक वर्ष (२०६९/७०, ७०/७१ र ७१/७२) मा कुल बजेटको क्रमशः ६.७४%, १०.३४% र १०.७३% जलवायु सम्बन्धित बजेट रहेको छ ।

| आर्थिक वर्ष | वार्षिक बजेट | जलवायु वजेट | प्रतिशत |
|---|---|---|---|
| २०६९/७० | ४,०४,८२,४७,००,००० | २७,२८,२६,२९,००० | ६.७४ |
| २०७०/७१ | ५,१७,२४,००,००,००० | ५३,४८,२५,१६,००० | १०.३४ |
| २०७१/७२ | ६,१८,१०,००,००,००० | ६६,३४,९६,५६,००० | १०.७३ |

*यी मापदण्डहरूबाट जलवायु परिवर्तनसँग सम्बन्धित र वातावरण संरक्षणसँग सम्बन्धित कार्यक्रमहरू बीचको भेद छुट्याउन मुस्किल छ जसले सबै वातावरण संरक्षणसँग सम्बन्धित कार्यक्रमहरू जलवायु परिवर्तनसँग सम्बन्धित मानिने व्यवस्था छ । उदाहरणका लागि मापदण्ड नं. ८ अनुसार खाद्य सुरक्षा प्रवर्द्धन गर्ने जुनसुकै कार्यक्रमलाई जलवायु परिवर्तनसँग सम्बन्धित मानिन्छ ।*

## जलवायु परिवर्तन कोडका सीमितताहरू

जलवायु परिवर्तन कोडको प्रयोगले नेपाल सरकारको वार्षिक बजेटमा जलवायु परिवर्तनसँग सम्बन्धित खर्चको आंकडा थाहा पाउन मदत पुग्दछ । तर यो सँगै थुप्रै सिमितता र समस्या रहेका छन् ।

प्रथमतः नेपालमा जलवायु परिवर्तन अनुकूलन, न्यूनिकरण र जलवायु वित्तको आधिकारिक परिभाषा छैन जसका कारण विभिन्न निकाय र संस्थाहरूले आ–आफ्नै ढंगले यसको व्याख्या गर्ने गरेका छन् । यसले गर्दा कस्ता कार्यक्रमलाई जलवायु परिवर्तनसँग सम्बन्धित भन्ने सवालमा अन्योल रहेको छ ।

हाल जलवायु परिवर्तन बजेट कोडले उल्लेख गरेका ११ वटा मापदण्ड निकै अस्पस्ट रहेका छन् । यी मापदण्डहरूबाट जलवायु परिवर्तनसँग सम्बन्धित र वातावरण संरक्षणसँग सम्बन्धित कार्यक्रमहरू बीचको भेद छुट्याउन मुस्किल छ जसले सबै वातावरण संरक्षणसँग सम्बन्धित कार्यक्रमहरू जलवायु परिवर्तनसँग सम्बन्धित मानिने व्यवस्था छ । उदाहरणका लागि मापदण्ड नं. ८ अनुसार खाद्य सुरक्षा प्रवर्द्धन गर्ने जुनसुकै कार्यक्रमलाई जलवायु परिवर्तनसँग सम्बन्धित मानिन्छ । यसले कुल बजेटके अनुपातमा प्रशस्त रकम जलवायु सम्बन्धित रहेको गलत विवरण सर्वसाधारणलाई प्रवाह भएको छ ।

Source: www.climatequity.org




यस बजेट कोड मार्फत विनियोजन गरिएको रकमबारे मात्र जानकारी उपलब्ध गराउदछ र उक्त विनियोजित रकम कसरी खर्च भयो वा लक्षितवर्गसम्म पुग्यो वापुगेन भन्ने जानकारी पाउन सकिदैन । यसले जलवायु वित्तसँग सम्बन्धित पारदर्शिता र जवाफदेहीताको सवाललाई जस्ताको तस्तै राख्दछ ।

यसैगरी जलवायु बजेट कोडले सरकारी संयन्त्र मार्फत प्रवाहहुने रकम मात्र ट्र्याक गर्न सक्दछ र ठूलो मात्रामा गैरसरकारी संयन्त्र मार्फत प्रवाह हुने जलवायु वित्तको जानकारी दिन सक्दैन ।

*जलवायु वित्तमा जोखिममा रहेका समुदायको पहूंच पुऱ्याउनु, त्यसको पारदर्शीता र जवाफदेहीता सुनिश्चित गर्नु अहिलेको मुख्य चुनौति हो । यसका लागि जलवायु बजेट कोडलाई थप प्रभावकारी बनाउने तथा जलवायु वित्तको उचित शासकीय ढाँचा तयार गरिनु पर्दछ ।*

# भावि कार्य दिशा

जलवायु वित्तमा जोखिममा रहेका समुदायको पहूंच पुऱ्याउनु, त्यसको पारदर्शीता र जवाफदेहीता सुनिश्चित गर्नु अहिलेको मुख्य चुनौति हो । यसका लागि जलवायु बजेट कोडलाई थप प्रभावकारी बनाउने तथा जलवायु वित्तको उचित शासकीय ढाँचा तयार गरिनु पर्दछ । यस सम्बन्धी छलफललाई अघि बढाउन केही बुंदाहरू तल प्रस्तुत गरिएका छन् ।

- नेपालको सन्दर्भमा जलवायु वित्त भनेको के हो र कस्ता खर्चलाई जलवायु परिवर्तन सम्बन्धित खर्च भन्ने बारेमा साझा अवधारणा तयार गर्ने ।
- सरकारी र गैरसरकारी संयन्त्र मार्फत प्रवाह हुने जलवायु वित्तलाई ट्र्याक गर्न र उपदेयिता मूल्यांकन गर्न विषेश संयन्त्र निर्माण गर्ने ।
- हाल प्रयोगमा ल्याइएको जलवायु बजेट कोडका ११ वटा मापदण्डलाई परिमार्जित गरी जलवायु सम्बन्धी खर्चको सही आंकडा प्रस्तुत गर्ने ।
- आवश्यकता अनुसार विभिन्न क्षेत्र र तहमा जलवायु परिवर्तनसँग जुध्न आवश्यक र कम विनियोजन गर्ने ।
- जलवायु परिवर्तनको सवाललाई बजेट निर्माण र कार्यान्वयनका हरेक तहमा आवश्यक ध्यान दिने ।
- बजेट निमार्ण र कार्यक्रम कार्यान्वयनका हरेक चरणमा नागरिक समाज र समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने ।
- जलवायु परिवर्तन नीतिमा उल्लेखित जलवायु कोष खडा गर्ने र दातृ निकायलाई सोहीकोष मार्फत जलवायु वित्त प्रवाह गर्न उत्प्रेरित गर्ने ।




Source: www.brownpoliticalreview.org

लेखन : सुनिल आचार्य • सम्पादन : पल्लब रेग्मी, कृति श्रेष्ठ

*थप जानकारीका लागि*

**स्वच्छ उर्जा नेपाल (क्लिन इनर्जी नेपाल)**
४०७८१, देवकोटा सडक, मध्य बानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं. २४५८१, काठमाडौं, नेपाल
फो नं. : ०१-४४६४९८१/६९१५६४९
इमेल : info@cen.org.np
वेब : www.cen.org.np

design&printproduction: wps, 5555989, wpsnepal@gmail.com

*यो जानकारी पत्र AFAI (अनुकूलन वित्त जवाफदेहीता पहल) परियोजना अन्तर्गत प्रकाशित गरिएको हो ।*